

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ६ गते बुधबार ❑ 21 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## आत्महत्याबाट हुने मृत्युका घटनालाई निरुत्साहित गर्न आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

आत्महत्याबाट हुने मृत्युका घटनालाई निरुत्साहित गर्न मंगलबार पोखरामा आयोजित एक कार्यक्रममा आग्रह गरिएको छ।

राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्रले मंगलबार पोखरामा आयोजना गरेको आत्महत्या रिपोटीङ सम्बन्धि पत्रकार कार्यशालामा सहभागिहरुले उक्त आग्रह गर्नु भएको हो । नेपालमा हाल दैनिक जसो करिब १६ जनाको आत्महत्याबाट मृत्यु हुने भएको तथ्याङ्कलाई शुन्यमा झार्न सचेतना अभियानसंगै त्यस्ता घटनाहरुलाई निरुत्साहित गर्नुपर्ने सहभागीहरुले बताएका हुन्। आत्महत्या रोकथाम सम्बन्धी संचारकर्मीहरुका लागि मार्गदर्शन २०८० मा आत्महत्याबाट मृत्यु भएका समाचारलाई प्रथामिकता नदिने, आत्महत्याबाट मृत्यु भएका घटना, समय, स्थान उल्लेख नगर्ने, पिडामा परेका आफन्तलाई असर नपर्ने गरी सोधपुछ गर्ने, आत्महत्या गर्दा प्रयोग भएको बस्तु तथा साधन समेत उल्लेख नगर्ने



लगायतका बिषयमा विशेष ध्यान दिन आग्रह गरिएको छ। यसैबिच, गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री शुशिला सिंखडाले आत्महत्याबाट हुने मुत्युलाई न्यूनिकरण गर्न टोलटोलमा सचेतना अभियान नै सुरु गर्नुपर्ने बताउनुभयो । आत्महत्यालाई नियन्त्रण गर्न गहिरो अध्ययन अनुसन्धान गर्नु पर्ने बताउदै उहाँले यसको रोकथामको लागि सबै क्षेत्र गम्भिर भएर लाग्नुपर्नेमा जोड दिनु भयो । मानव स्वास्थ्यमा देखिने समस्या, घरमा असमान, शिक्षामा असमानता, प्रेम सम्बन्धका कारणले गर्दा पनि समाजमा आत्महत्याबाट व्यक्तिहरुको मुत्यु भएको मन्त्री सिंखडाको भनाई थियो। कार्यक्रममा केन्द्रका निर्देशक सुनिलराज शर्माले आत्महत्याबाट मृत्यु हुने सङ्ख्या कास्कीमा पनि उच्च रहेकोले त्यसको रोकथामको लागि सरोकारवालाहरुसँग छलफल गरिएको बताउनुभयो । विश्वमा वर्षेनी करिब ८ लाख मानिसहरु आत्महत्याबाट मुत्यु हुने गरेको छ भने नेपालमा गत बर्ष ६ हजार बढीको आत्महत्याको कारण ज्यान गएको छ।

उक्त गोष्ठीमा डा. मनोचिकित्सक बासु कार्कीले सन् २००८ देखि विश्व स्वास्थ्य संगठनले आत्महत्याबाट हुने मुत्युलाई नियन्त्रण गर्न मार्गदर्शन लागु भएको बताउनुभयो । ९० प्रतिशत स्वास्थ्यका कारण आत्महत्या गर्ने गरेकोले उहाँले जनाउनुभयो। व्यक्ति शारीरिक रुपमा स्वास्थ्य र स्वच्छ भए पनि सामाजिक, मानसिक, शारीरिक रुपमा समेत स्वस्थ्य हुन आवश्यक भएको डा.कार्कीले बताउनु भयो । केन्द्रका डा. भक्त के. सी. ले आत्महत्याको रोकथाम र नियन्त्रणका लागि ११६६ हट्लाईन नम्बर वडासम्म पुर्याउन अनुरोध गरिएको बताउनु भयो । आत्महत्याको समाचार लेख्दा जहिले पनि सकरात्मक ढंगले लेख्नु पर्ने बताउनु भयो। सेलीब्रेटीहरूको आत्महत्याको घटनाको बिषयमा अझ बढी सावधानी अप्नाउनु पर्ने डा. के. सी. ले बताउनुभयो।

नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष नारायण शर्माले आत्महत्याबाट हुने मुत्युदरलाई अब घटाउन तर्फ सबै लाग्नुपर्ने समय आएको बताउनुभयो।

## भौतिक पूर्वाधारमा लगानी बढाइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटको ठूलो हिस्सा सडक र पुलमा केन्द्रित गरेको छ। रु ३३ अर्ब ४२ करोड ७२ लाखको कुल बजेटमध्ये रु ११ अर्ब १६ करोड पुल तथा सडक पूर्वाधारमा विनियोजन गरिएको हो।

गत शुक्रबार सार्वजनिक बजेटमा प्रदेश गौरवका आयोजना, एक निर्वाचन क्षेत्र-एक कृषि सडक, रणनीतिक महत्वका सडक, स्थानीय तहको प्रशासनिक केन्द्र जोड्ने सडकको निर्माण तथा स्तरोन्नतिलाई तीव्रता दिइने उल्लेख छ । आगामी आवमा थप तीन सय किमी सडक कालोपत्र गर्ने र २५ वटा पक्की पुल बनाउने प्रदेश सरकारको लक्ष्य छ। बजेटमा टुक्रे योजना कटौती गरेको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले ठूला र रणनीतिक महत्वका सडक निर्माणलाई प्राथमिकता दिएको हो। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले सडकका बहुवर्षीय आयोजनामा धेरै बजेट खर्च हुने बताउनुभयो। "प्रदेशको गौरव र रणनीतिक महत्त्वसँग जोडिएका सडकमा सरकारको बढी जोड छ, बजेट पनि त्यसरी नै आएको छ", उहाँले भन्नुभयो, "पक्की पुल निर्माणलाई पनि प्राथमिकता दिइएको छ । पूर्वाधारतर्फका पुरानै आयोजनामा बजेटको दायित्व थपिएपछि सडकमा नयाँ आयोजना कम परेका छन्। पक्की पुलमा भने सरकारले लगानी थपेको छ। पुल नबनेकै कारण कतिपय सडक बाह्रैमास चल्न नसकेको स्थिति छ। एकातिर स्तरहीन सडक त्यहीँमाथि पुलसमेत नहुँदा वर्षात्का बेला ग्रामीण भेगको यातायात सेवा प्रभावित हुने गरेको छ। प्रदेश सरकारको प्राथमिकताप्राप्त उत्तर-दक्षिण द्रुतमार्गअन्तर्गत भिमाद-डेढगाउँ-झ्यालबास-चोरमारा-दुम्कीबास-त्रिवेणी खण्डको निर्माणलाई पनि आगामी वर्ष गति दिइने भएको छ। प्रदेश गौरवको आयोजना शालिग्राम करिडोरको स्तरोन्नति र रणनीतिक महत्त्वको बुद्धसिंह मार्ग निर्माणका लागि रु १९ करोड ५० बजेट छुट्याइएको छ । सडकको मर्मतसम्भार र दिगो व्यवस्थापनसहित बाह्रैमास यातायात सञ्चालनका गर्न आपत्कालीन मर्मत तथा पुनःनिर्माणका लागि रु २१ करोड ७५ लाख बजेट विनियोजन गरिएको आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेमगरले जानकारी दिनुभयो। एसियाली विकास बैंकको सहयोग तथा स्थानीय पूर्वाधार विभागको समन्वयमा ग्रामीण पहुँच सुधार कार्यक्रम-अतिरिक्त लगानीमार्फत प्रादेशिक र स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन गरिने भएको छ। नदी प्रणालीमा आधारित एकीकृत विकासको अभ्यासलाई सङ्घ सरकारको समेत लगानीमा अगाडि बढाइने जनाइएको छ।

बूढीगण्डकी करिडोर, मर्स्याङ्दी करिडोर, त्रिशूली करिडोर र शालिग्राम करिडोरको विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा लगिने भएको छ। पूर्वाधारतर्फ आगामी आवमा थप २० वटा झोलुङ्गे पुल निर्माणको लक्ष्य लिइएको छ। तनहुँको भिमादबाट नवलपुरको डेढगाउँ, डेढगाउँ-झ्यालबास, बागलुङको बिहुँ-नरेठाँटी, म्याग्दीको दानाबाट मुस्ताङको घाँसा र लमजुङको शीतलपाटी-नाल्फाफेँदी सुरुङमार्गको सम्भाव्यता अध्ययनका लागि पनि बजेटको प्रबन्ध गरिएको छ। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री जुग्जालीले यसै वर्षभित्र सुरुङमार्गको सम्भाव्यता अध्ययनको काम अगाडि बढ्ने बताउनुभयो। "बजेट छुट्टिएको छ, यसै वर्ष सुरुङमार्गको सम्भाव्यता अध्ययन सुरु हुन्छ", उहाँले भन्नुभयो। घुमाउरा सडक भएका पहाडी भूगोलमा सुरुङमार्ग निर्माण गर्ने सङ्घ सरकारको नीतिलाई प्रदेशले पनि पछ्याएको हो। केन्द्रमा सडक विभागले 'सुरुङमार्ग विकास कार्यक्रम'मार्फत सुरुङमार्गको निर्माण र सम्भाव्यता अध्ययनको काम गर्दै आएको छ। प्रदेश सरकारले आफ्नै लगानी र पहलमा सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने भएको हो। कतिपयले सुरुङमार्गलाई प्रदेशको महत्वकाङ्क्षी लक्ष्यका रूपमा लिएका छन्।

मन्त्री जुग्जालीले व्यवस्थित कार्ययोजनासहित पूर्वाधार विकासमा लगानी गरिने उल्लेख गर्नुभयो। प्रादेशिक सडक सञ्जालको गुरुयोजनासमेत निर्माण गर्ने तयारीमा मन्त्रालय छ। गुरुयोजनाले यातायात क्षेत्रको योजना बनाउन, सडक मर्मतसम्भार तथा प्राथमिकीकरणमा सहयोग पुग्ने विश्वास लिइएको छ।

## पोखरामा पहिलो अन्तर्राष्ट्रिय उडान हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलोपटक बुधबार अन्तर्राष्ट्रिय उडान हुने भएको छ।

छिमेकी मुलुक चीनको छेन्दु-तियान्फु विमानस्थलबाट सिचुवान एयरलायन्सले पोखरामा सिधा चार्टर उडान गर्न लागेको हो । सिचुवान एयरलायन्सको एयरबस ए-३१९ जहाज बुधबार बिहान साढे ९ बजे पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण गर्ने विमानस्थलका सूचना अधिकारी विष्णु अधिकारीले जानकारी दिनुभयो। "उडानको सबै तयार पूरा भइसकेको छ, यात्रुहरुको स्वागतका लागि संक्षिप्त कार्यक्रम राखिएको छ", उहाँले भन्नुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीसहितले पहिलो अन्तर्राष्ट्रिय उडानबाट पोखरा ओर्लने यात्रुलाई स्वागत गर्ने कार्यक्रम तय गरिएको हो। उक्त जहाजबाट हाल चीन भ्रमणमा रहनुभएका राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहितको नेपाली टोली र आगामी शुक्रबार र शनिबार पोखरास्थित फेवातालमा हुन लागेको 'नेपाल-चीन फ्रेन्डसीप ड्रागन वोट फेस्टिभल' मा सहभागी हुने चिनियाँ खेलाडी तथा पर्यटक पोखरा आउँदैछन्।

जहाजबाट एक सय ३५ जना यात्रु पोखरा ओर्लने विमानस्थलका सूचना अधिकारी अधिकारीले बताउनुभयो। उक्त जहाज बुधबार नै पोखराबाट काठमाडौं अवतरण भई नियमित उडानमार्फत छेन्दु फर्कनेछ। पोखरामा उक्त जहाजको अर्को उडानबारे जानकारी आइनसकेको विमानस्थलले जनाएको छ।

अङ्ग्रेजी नयाँ वर्ष पारेर गत पुस १७ गते पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको थियो । उक्त विमानस्थलबाट हाल आन्तरिक उडान मात्रै हुँदै आएको छ।


### लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने
- मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड


## गुणादीको पहिरोमा पुरिएर दुई मजदुरको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ५ असार

तनहुँको म्याग्दे गाउँपालिका-१ गुणादीमा सोमबार साँझ पहिराले पुरिएर घाइते भएका दुई जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा झापाको शिवशताक्षी नगरपालिका-७ बस्ने ३३ वर्षीय भीम भुजेल र उदयपुरको कटारी नगरपालिका-७ बस्ने ४० वर्षीय बलबहादुर राई रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

घाइतेमध्ये भीमको दमौली अस्पतालमा र बलबहादुरको पोखरामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिनुभयो।

गम्भीर घाइते भई पोखरा पठाइएका बलबहादुरको राति मृत्यु भएको उहाँले बताउनुभयो। ढिस्काले पुरिएर घाइते झापाको शिवशताक्षी -७ बस्ने ४५ वर्षीय कृष्ण लिङ्देनको दमौलीस्थित रत्नहरि अस्पतालमा उपचार भइरहेको छ। उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

मुग्लिन पोखरा सडकखण्डअन्तर्गत सडक छेउमा पर्खाल निर्माणका क्रममा माथिबाट खसेको माटोको ढिस्कोले पुरिएर तीन जना घाइते भएका थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विश्वकप क्रिकेट छनोटमा नेपालले अमेरिकालाई हरायो

रासस
काठमाडौं, ५ असार

नेपालले आइसिसी एकदिवसीय विश्वकप छनोटमा अमेरिकालाई पराजित गरेको छ।

जिम्बावेका ताकशिंगा स्पोर्ट्स क्लबमा मंगलबार भएको खेलमा नेपालले अमेरिकालाई ६ विकेटले पराजित गर्दै विजयी हासिल गरेको हो। यस जितसँगै नेपालले शीर्ष तीनमा रहँदै सुपर सिक्समा स्थान बनाउने सम्भावनालाई बलियो बनाएको छ।




अमेरिकाले जितका लागि दिएको २ सय ८ रनको मध्यम लक्ष्य दिएको थियो। जवाफमा नेपालले ४३ ओभरमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो। नेपालको जितमा भीम सार्कीले सर्वाधिक ७७ रनको योगदान दिए। उनले १ सय १४ बलमा ७ चौका र १ छक्कासहित अविजित ७७ रन बनाएका हुन। त्यस्तै दीपेन्द्रसिंह ऐरी ३२ बलमा ५ चौका र १ छक्कासहित ३९ रनमा अविजित रहे। त्यस्तै ओपनर कुशल भुर्तेल ५४ बलमा ४ चौका र १ छक्कासहित ३९ रनमा आउट भए। अर्का ओपनर आसिफ शेखले १२ रन बनाए।

कप्तान रोहित पौडेल २९ बलमा २ चौकासहित १६ रनमा आउट भए। कुशल मल्ल १३ बलमा १ चौका र १ छक्कासहित १३ रनमा आउट भए। बलिङतर्फ अमेरिकाका सौरभ नेत्रवालकर, केन्जिगे, निसर्ग पटेल र स्टिभ टेलरले समान एक/एक विकेट लिए। त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको अमेरिकाले ४९ ओभरमा सबै विकेट गुमाउँदै २ सय ७ रन बनाएको थियो। अमेरिकाका लागि शायन जाहान्गिरले सर्वाधिक एक सय रनको योगदान दिए। उनले ७९ बलमा १० चौका र ३ छक्काको सहयोगमा अविजित एक सय रनको योगदान दिएका हुन्। सुशान्त मोदनीले ४२ रन बनाए। उनले ७१ बलमा ३ चौका र एक छक्का प्रहार गर्दै ४२ रन बनाएका हुन्। त्यस्तै गजानन्द सिंहले २६ रन बनाए। उनले ४१ बलमा २ चौका र १ छक्काको सहयोगमा २६ रन बनाएका हुन्। जसदिप सिंहले २५ बलमा १२ रन बनाए। नेपालका लागि करण केसीले ४ विकेट लिए। तेस्तै गुलशन झाले ३ विकेट लिए भने दीपेन्द्रसिंह ऐरी २ विकेट तथा ललितनारायण राजवंशीले १ विकेट लिए। जारी प्रतियोगितामा दुई खेल खेलको नेपालको यो पहिलो जित हो। यसअघि भएको पहिलो खेलमा नेपाल जिम्बावेसँग ८ विकेटले पराजित भएको थियो। नेपालले अब आफ्नो तेस्रो खेल यही असार ७ गते वेस्टइन्डिजसँग खेल्नेछ।

# फेवा सहकारी गण्डकी प्रदेशमै उत्कृष्ट

पोखरापत्र संवाददाता
पोखरा, ५ असार



पोखराको फेवा वचत तथा ऋण सहकारी संस्था लि. उत्कृष्ट प्रादेशिक सदस्यको रुपमा सम्मानित भएको छ। राष्ट्रिय सहकारी बैकद्धारा आफ्नो १९ औ वार्षिक साधारण सभाको अवसरमा घोषणा गरेको उक्त सम्मान हालै एक समारोहका बिच उक्त सम्मान प्रदान गरिएको हो।

प्रत्येक वर्ष विभिन्न विधामा प्रदान गर्दै आएको सम्मान अन्नर्तगत फेवा सहकारीलाई वचत तथा ऋण कारोवार गर्ने गण्डकी प्रदेशका सदस्य संस्थाहरु मध्येबाट सम्मान तथा पुरस्कार विधामा सम्मान गरेको हो। सहकारी वैंकका अध्यक्ष के.बी.उप्रेती तथा संघिय सहकारी विभागका रजिष्टार नवराज घिमिरेले संयुक्त रुपमा संस्थाका अध्यक्ष क्या.चन्द्रप्रसाद गुरुङ, उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेल लगायतलाई प्रशंसा पत्र सहित सम्मान गर्नु भएको हो।

कास्की जिल्लाभर कार्यक्षेत्र रहेको उक्त सहकारी संस्था २०५६ सालमा स्थापना भएको हो भने समुदायमा आधारित रहेर आफ्ना सदस्यहरुलाई सेवा प्रदान गदै आई रहेको प्रबन्धक जगन्नाथ तिमिल्सिनाले बताउनु भयो। सहकारीलाई समय सापेक्ष प्रविधि मैत्रि बनाउंदै नीति र विधि संगसंगै सुशासनलाई आत्मसाथ गर्दै २ हजार ५ सय पचास भन्दा बढि सदस्यलाई प्रत्यक्ष रुपमा विभिन्न वचत तथा ऋणको सेवा प्रदान गरिरहेको उहाँले बताउनु भयो। सदस्यहरुको जन्मदेखि मृत्यु पर्यन्त सदस्यको भूमिका रहेको प्रबन्धक तिमिल्सिनाले बताउनु भयो। सरसफाई, खानोपानी, वृक्षारोपण, कला संस्कृतिको जगेर्ना, बाटो निर्माण सहितका अन्य सामाजिक कार्यमा सहकारीले आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। यस संस्थाले करिब २३ वर्षको अन्तरालमा धेरै रोजागारीको समेत सृजना गर्दै सदस्यहरुको अनवरत सेवा गर्ने क्रममा सहकारी विभागवाट उत्कृष्ट संस्था, विभिन्न सहकारी सञ्जालले विभिन्न विधामा समेत सम्मान पत्र तथा प्रशंसा पत्रले सम्मान गरेका छन्। सरोकारवाला निकायको सम्मान तथा प्रंशसाले थप प्रोत्साहित गरेको संस्थाका सचिव दिल बहादुर भट्टराईले बताउनु भयो।

हाल संस्थाले कुल १ अरव ३० करोड बराबरको कारोबर रहेको र शेयर पुँजी १२ करोड ३१ लाख, निक्षेप ९५ करोड, ऋण लगानी १ अर्व, जगेडा कोष ५ करोड ६० लाख अन्य कोषहरु पनि मजबुद रहेको मापदण्ड अनुसार प्रयाप्त तरलता पनि रहेको संस्थाका व्यवस्थापक जगन तिमिल्सेनाले बताउनु भयो। सहकारीले व्यवसाय, कृषि, उद्योग, पर्यटन, व्यपार लगायतका क्षेत्रमा लगानी गर्दै आएको छ। संस्थाले आफ्ना सदस्यहरुको हितको लागि ४ बर्षीय व्यवसायीक रणनितीक योजना समेत बनाई अघि बढेको उहाँले बताउनुभयो।

# आश्वासनभन्दा पनि आवश्यकता हेरेर काम गर्छौं : सभापति लामिछाने

रासस
भरतपुर, ५ असार

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा चितवन क्षेत्र नं २ का सांसद रवि लामिछानेले जनताको धन र ज्यानको रक्षा गरेर विकास निर्माणका काम गर्नुपर्ने बताउनुभएको छ।

भरतपुर महानगरपालिका-१२ कालिका टोलमा मंगलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सभापति लामिछानेले जनतालाई उठिबास लगाएर गरिने विकासको अर्थ नभएको बताउनुभयो। "जनताको धन र ज्यानलाई सुरक्षित राखेर गरिने विकास नै दिगो विकास हो", उहाँले भन्नुभयो, "विकास निर्माणका काम गर्दा राज्यले विवेक प्रयोग गर्नुपर्छ।" उहाँले पार्टीका कार्यकर्तालाई झन्डा बोकर नभई आम नागरिक बनेर जनताको सेवक बन्न आग्रह गर्नुभयो। सभापति लामिछानेले पाँच वर्षमा आफ्नो पार्टीले उल्लेख्य काम गर्ने भन्दै राज्यबाट नै विकासमा विभेद भएको गुनासो गर्नुभयो। "भोट हालेको र नहालेकै आधारमा हामीले जनतालाई विभेद गर्न हुँदैन", उहाँले भन्नुभयो, "कम भोट आएको ठाउँमा कम विकास र बढी भोट आएको ठाउँमा बढी विकास भन्ने हुँदैन।"

उहाँले आफूले आश्वासनभन्दा पनि आवश्यकता हेरेर विकास निर्माणका काम गर्ने बताउनुभयो। जहाँ शिक्षा, स्वास्थ्य र खानेपानीको प्रबन्ध छैन, त्यहाँ पहिला विकासका काम गर्नुपर्ने भन्दै उहाँले सिङ्गो देशको समस्यालाई प्रमुख विषयवस्तु बनाएर अघि बढ्ने बताउनुभयो। देश विदेशका सबै नेपालीको समस्या हाम्रै समस्या रहेकाले एक-एक गरेर समाधान गर्दै जाने उहाँको प्रतिबद्धता जनाउनुभयो।

# भारतीय दूतावासद्वारा लुम्बिनी योग कार्यक्रम

रासस
काठमाडौं, ५ असार

आठौँ अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा भारतीय राजदूतावास, काठमाडौँले नेपाल पर्यटन बोर्ड, लुम्बिनी विकास कोष र पतञ्जलि योगपीठ नेपालसँगको सहकार्यमा लुम्बिनी सांस्कृतिक नगरपालिकाको गुम्बाक्षेत्रमा एक सार्वजनिक योग कार्यक्रम आयोजना गरेको छ। युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी भगवान् बुद्धको जन्मस्थल हो।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, लुम्बिनी विकास कोषका सदस्य र सो क्षेत्रका तीन सयभन्दा बढी योग पारखीको सो कार्यक्रममा उपस्थिति रहेको दूतावासले जनाएको छ। कार्यक्रममा मन्त्री किरातीले भारतीय उपमहाद्वीपबाट प्रारम्भ भएको तथा सिन्धु घाँटी सभ्यतासँग जोडिएको योग आज संसारभर नै लोकप्रिय हुँदै गइरहेको बताउनुभयो। मन्त्री किरातीले कौटिल्य शास्त्रमा पनि भारत-नेपाल सम्बन्धबारे उल्लेख गरिएको बताउनुभयो।

# भद्रकालीमा स्काउट दिवस

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

नेपाल स्काउटको गौरवमय ७२ औं स्थापना दिवसको अबसरमा पोखरा म.न.पा. -१३ मा अबस्थित भद्रकाली माध्यामिक विद्यालयमा भद्रकाली स्काउट ट्रूपको आयोजनामा वृक्षारोपण, सरसफाई तथा हाजिरजबाफ प्रतियोगिता सम्पन्न भएको छ।

विद्यालयका प्रधानाध्यापक तथा ट्रूपका अध्यक्ष राजेन्द्र भण्डारीले बिरुवा रोपेर कार्यक्रमको उदघाटन गर्नु भएको थियो भने विद्यालयका सहायक प्रधानाध्यापक लोकचन्द्र खनाल तथा स्काउट सदस्यहरुले विद्यालयका हाताभित्र बिभिन्न जातका बिरुवाहरु रोपेका थिए। त्यसैगरी सोहि अबसरमा प्राथमिक तहका विद्यार्थीहरुको बिचमा हाजिरीजबाफ प्रतियोगिता पनि संचालन गरिएको थियो। कक्षा ४ र ५ का विद्यार्थीहरुको सहभागिता रहेको उक्त प्रतियोगितामा अन्नपूर्ण समूह प्रथम, सगरमाथा समुह द्धितीय, धवलागिरी समुह तृतीय र कन्चनजंघा समूह चौथो स्थान प्राप्त गर्न सफल भएका थिए। प्राइमरी इन्चार्ज शान्ति के.सी. को सभापतित्वमा भएको प्रतियोगितामा पुरस्कृत विद्यार्थीहरुलाई सभापतिबाट पुरस्कार वितरण गरिएको थियो भने कार्यक्रमको संचालन सह-क्रियाकलाप संयोजक तथा सकाउट मास्टर मिन बहादुर साउदले गरेका थिए।

# पोखरामा विश्व सङ्गीत दिवस मनाइँदै

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

पोखरामा यही असार ६ गते विश्व सङ्गीत दिवस २०८० मनाइने भएको छ।

सप्तरङ्गी सांस्कृतिक प्रतिष्ठानको मुख्य आयोजनामा यहाँका १८संस्थाले विश्व सङ्गीत दिवस मनाउन लागेका हुन्। सोमबार आयोजित पत्रकार सम्मेलनमा उक्त संस्थाका अध्यक्ष नवराज बरालले पाँच वर्षदेखि रोकिएको विश्व सङ्गीत दिवसलाई निरन्तरता दिन साङ्गीतिक कार्यक्रम गर्न लागिएको जानकारी दिनुभयो।

पोखरा उद्योग वाणिज्य सङ्घको हलमा आयोजना हुने सो साङ्गीतिक कार्यक्रमले पोखराको साङ्गीतिक गतिविधि बढ्ने विश्वास आयोजक संस्थाले गरेको छ। साङ्गीतिक कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारले आफ्नो प्रस्तुति गर्ने जानकारी सो अवसरमा दिइएको थियो।

सोह्र विभिन्न प्रस्तुति रहने उक्त साङ्गीतिक कार्यक्रमा दर्शकले निःशुल्क प्रवेश पाउने बताइएको छ। गण्डकी प्रज्ञा प्रतिष्ठान तथा पोखरा प्रज्ञा प्रतिष्ठानको सहकार्यमा गर्न लागिएको उक्त कार्यक्रम आगामी वर्ष संयुक्तरूपमा मनाइने जानकारी सो अवसरमा दिइएको थियो।

# गोरखामा पहिरामा पुरिएर एक पुरुषको मृत्यु


पोखरापत्र संवाददाता
गोरखा, ५ असार

गोरखामा पहिरामा पुरिएर एक पुरुषको मृत्यु भएको छ।

जिल्लाको सिरानचोक गाउँपालिका-७, सिम्ले घर भएका ८५ वर्षका सुकबहादुर सार्कीको पहिरामा परेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डिएसपी) लिलाराज लामिछानेले जानकारी दिनुभयो।

सोमबार घरबाट तल खहरे जान भनेर निस्कनुभएका सार्की घर नफर्किएपछि परिवारसहित आफन्तले खोजी गर्ने क्रममा आज अबेर सिरानचोक गाउँपालिका-७, स्थित भोँले खोलामाथिको ठूलो पहिरामा परेको अवस्थामा उहाँको शव भेटिएको हो। "शव भेटिएको स्थान ठूलो भेल पर्ने ठाउँ रहेछ, मृतकको शवको प्रकृति हेर्दा पहिरामा परेको देखिन्छ", उहाँले भन्नुभयो, "हिँड्दा बाटोबाट खसेर पहिरामा परेको हो वा भेलले बगाएर पहिरामा पुऱ्याएको हो भन्ने बारेमा यकिन हुन बाँकी छ।"

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
- थमस हाडी

**सम्पादकीय**

# सरकार अपराधीको संरक्षक नबन

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेमबहादुर चलाउनेको ज्यान मार्ने उद्योगका अभियुक्त विरुद्ध परेको मुद्दा फिर्ता लिने सरकारको निर्णयले अपराधीको मनोबल बढेको छ । मन्त्रिपरिषद् बैठकले चलाउनेलाई हमला गर्ने नेपाली कांग्रेसका भ्रातृ संगठन नेपाल विद्यार्थी संघका कार्यकर्ता विरुद्धको मुद्दा फिर्ता लिने निर्णय गरेको थियो । त्रिभुवन विश्वविद्यालय नेविसंघ इकाइका पदाधिकारी हरि आचार्य, योगेन्द्र रावल सहित सात जना विरुद्ध लागेको मुद्दा जिल्ला अदालत काठमाडौंमा विचाराधीन छ। मुद्दा छिनोफानो नहुँदै काठमाडौं जिल्ला सरकारी वकील कार्यालयले असार ३ गते अदालतमा मुद्दा फिर्ताको निवेदन दिएको हो।मन्त्रिपरिषद्ले जेठ ३० गते मुद्दा फिर्ता लिएर विश्वविद्यालयका गुरुहरुलाई सडकमा न्याय माग्न पठाएको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिताले मुद्दा फिर्ता लिन आधार र कारण खुलाएर निवेदन दिनुपर्ने व्यवस्था गरेको छ। कार्यविधि संहिताको परिच्छेद १२ मा मुद्दा फिर्ता लिने व्यवस्था छ। उक्त परिच्छेदको दफा ११६ को उपदफा ५ मा 'सरकारले कुनै मुद्दा फिर्ता लिने निर्णय गरेमा अदालतमा मुद्दा फिर्ता लिनुपर्ने कारण सहित निवेदन दिनुपर्ने' उल्लेख छ । उक्त निवेदनमा मुद्दा फिर्ताको कारण भन्दै चार वटा बुँदा छन्, जसमध्ये अधिकांश कानूनी प्रक्रियाबारे केन्द्रित छन्। दुई नम्बर बुँदामा 'नेपाल सरकार वादी भई चलाइएको फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका २०७७ को दफा ३ को उपदफा १ को खण्ड घ र ङ को अवस्था विद्यमान रहेको उल्लेख छ। निर्देशिकाको उक्त दफामा 'सार्वजनिक हित, शान्ति एवं व्यवस्थामा गम्भीर असर पर्न नदिन फिर्ता लिन उपयुक्त देखिएमा मुद्दा फिर्ता लिन सक्ने' व्यवस्था छ ।

माघ १२ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंले गृहमा राय दिंदा त्रिभुवन विश्वविद्यालयको शान्ति र अमनचैन कायम गर्न मुद्दा फिर्ता लिन सकिने लेखेको थियो। 'त्रिभुवन विश्वविद्यालयको शिक्षा हासिल गर्ने र शान्ति सुरक्षामा गम्भीर असर परेको हुँदा उक्त क्षेत्रको शान्ति र अमनचैन कायम गर्न सार्वजनिक हित, शान्ति एवं व्यवस्थामा गम्भीर असर पर्न नदिन' मुद्दा फिर्ता लिने निर्णय हास्यास्पद छ । चलाउनेलाई सरकारले तीन लाख नौ हजार ८३२ रुपैयाँ ८१ पैसा उपचार खर्च निकासा गरेको छाउपचार खर्च निकासा गर्ने सरकारले कार्वाही नगरी मुद्दा फिर्ता लिनु गुरुहरुलाई तर्साउनु हो ।

सरकारले मुद्दा फिर्ता लिंदा अमनचैन कायम हुने दाबी गरे पनि जिल्ला अदालत पुगेका उपप्राध्यापक चलाउनेले निराशभावमा भने, "अभियुक्त कानूनी कारबाहीमा नपर्दा मेरो ज्यान असुरक्षित छानागरिक अगुवा र प्राध्यापकहरु असुरक्षित महसुस गरेर सडकमा न्याय मागेका छन । "सरकार अपराधीको संरक्षक जस्तै बनेर मुद्दा फिर्ता हुँदा आफू असुरक्षित बन्ने चलाउनेले अदालत पुगेका छन । न्याय का लागि सदनमा जसरी आवाज उठेको छ त्यसरी सडकबाट उठाउनु जरुरी छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पुरुष भलिबलमा नेपाल इरानसँग पराजित

**रासस**
काठमाडौं, ५ असार

कीर्गिस्तानमा जारी सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) पुरुष भलिबल नेसन्स लिगमा नेपाल इरानसँग पराजित भएको छ ।

कीर्गिस्तानको बिस्केकस्थित स्पोर्ट्स एण्ड रिक्रिएसन कम्प्लेक्समा मंगलबार भएको खेलमा नेपाल इरानसँग ३-० को सोझो सेटमा पराजित भएको हो ।

इरानले नेपाललाई पहिलो सेट २५-१६, दोस्रो सेट २५-२२ तथा तेस्रो सेट २५-२२ ले पराजित गर्यो ।

जारी प्रतियोगितामा नेपालको यो तेस्रो हार हो । यसअघि भएको पहिलो खेलमा नेपाल मङ्गोलियासँग पराजित भएको थियो भने दोस्रो खेलमा आयोजक कीर्गिस्तानसँग पराजित भएको थियो । अब नेपालले आफनो चौंथो खेलमा बिहीबार तुर्किमिनिस्तानसँग खेल्नेछ ।

# विवरण नबुझाउने विद्यालयलाई एक लाख जरिवाना

**रासस**
काठमाडौं, ५ असार

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले हालसम्म पनि छात्रवृत्तिको विवरण उपलब्ध नगराउने निजी विद्यालयलाई कारबाही स्वरुप रु एक लाख जरिवाना तिराउने बताउनुभएको छ ।

कामपाले यसअघि नै सार्वजनिक सूचना जारी गरी गत जेठ अन्तिमसम्म सबै निजी विद्यालयलाई नियमअनुसार छात्रवृत्ति बुझाएको विवरण पेश गर्न आग्रह गरेको थियो । तोकिएको समय सीना पार गरिसक्दासम्म अझै केही विद्यालयले विवरण नबुझाएकाले उक्त विद्यालयलाई रु एक लाख जरिवानासहित विवरण ल्याउन अन्तिम पटक प्रमुख साहले आग्रह गर्नुभएको हो । अझै कामपाको आग्रहमाथि आनाकानी गरे कामपाको शिक्षा ऐन २०७५ को दफा ५७ को उपदफा ४ बमोजिम सम्बन्धित विद्यालयलाई प्रदान गरिएको अनुमसति वा स्वीकृति रद्द गर्नेसम्मको चेतावनी प्रमुख साहले सामाजिक सञ्जालमार्फत दिनुभएको छ । हाल कामपा क्षेत्रभित्र भएका पाँच सय चार निजी विद्यालयमध्ये चार सय ६५ वटाले छात्रवृत्ति बुझाएको विवरण पठाएका छन् । त्यसबाट लक्षित वर्गका १३ हजारभन्दा बढी विद्यार्थी छात्रवृत्ति प्राप्त लाभ लिएका कामपाका प्रमुख साहले जानकारी गराउनुभएको छ । प्रमुख साहका अनुसार प्राप्त भएका विवरणमाथि पनि पुनः एक पटक कामपाले छानबिन गरी सूचना सार्वजनिक गर्नेछ । नियमअनुसार प्रत्येक विद्यालयले जम्मा विद्यार्थी सङ्ख्याको १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्ने हुन्छ । पटकपटकको आग्रहकै कारण अहिले ९० प्रतिशत विद्यालयमा छात्रवृत्ति वितरण गरिसकेको कामपाको ठहर छ । कामपा शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले चालु शैक्षिक सत्रको गत जेठ २८ गतेभित्र १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउन निर्देशन दिएका बताउनुभयो । भर्ना भएका विद्यार्थीमध्ये १० प्रतिशत छात्रवृत्ति दिनुपर्ने व्यवस्था हुँदाहुँदै महानगरमा सञ्चालित झण्डै ७० प्रतिशत विद्यालयले विवरण पेस नगरेपछि कामपाले सार्वजनिक सूचना नै जारी गरेर कडाइ गरेको थियो । चालु शैक्षिक सत्र २०८० का लागि छात्रवृत्ति उपलब्ध नगराउनेमा अधिकांश महँगो शुल्क लिने विद्यालय रहेका थिए ।

कामपाले आगामी शैक्षिक सत्रबाट कूल विद्यार्थीको पाँच प्रतिशत सम्बन्धित विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने र बाँकी पाँच प्रतिशत छात्रवृत्ति बराबरको रकम कामपा शिक्षा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गर्ने भएको छ । छात्रवृत्ति दिंदा अब हरेक विद्यालयलाई कोटा निर्धारण गरी विद्यार्थीसँग आवेदन आह्वान गरिनेछ । कामपाले नै प्रवेश परीक्षा सञ्चालन गरी सिफारिस गरेका विद्यार्थीलाई छात्रवृत्ति दिने व्यवस्था लागू गर्ने तयारी गरेको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २२ कालावाङ्ग दलित आमा समूह भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: कालावाङ्ग दलित आमा समूह भवन**
**स्थान: पोखरा-२२, कालावाङ्ग**
**योजना सम्झौता मिति: २०७९/०८/२८ गते**
**योजना सुरु भएको मिति: २०७९/०९/०२ गते**
**योजना सम्पन्न मिति: २०८०/०२/२६ गते**
**योजनाको कुल लागत : रु. ११,११,११२।-**
**पोखरा म.न.पा. वडा नं. २२ वडा स्तरबाट प्राप्त हुने रकम :रु.१०,००,०००।-**
**जनश्रमदान बाट: रु. १,११,११२।-**
**उपभोक्ता समिति अध्यक्ष: लक्ष्मी वि.क.**
**मोवाइल नं.: ९८०६५१८१४७**
**उपभोक्ता समिति सदस्य संख्या: ७ जना महिला: ७ जना**

**कालावाङ्ग दलित आमा समूह भवन निर्माण उपभोक्ता समिति पोखरा-२२, कालावाङ्ग**

# सडक सञ्जालबाट जोडियो मङ्गला र ताराखोला

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ असार

म्याग्दीको मङ्गला र बागलुङको ताराखोला गाउँपालिका सडक सञ्जालबाट जोडिएका छन् ।

गण्डकी प्रदेश सरकार र मङ्गला गाउँपालिकाको सहयोगमा उपभोक्ता समितिमार्फत म्याग्दीको मङ्गला-३ बरङ्जा, वडा नं ४ को महेश, धापुङ हुँदै ताराखोला गाउँपालिकाको सिर्खु जोड्ने सडक निर्माण भएको हो ।

सडक निर्माण भएपछि म्याग्दीको सिङ्गा तातोपानीबाट ताराखोला गाउँपालिकाको केन्द्र भातखानेडाँडा दुई घन्टामै पुग्न सकिने भएको मङ्गला-४ धापुङका उमेश विश्वकर्माले बताउनुभयो । "यसअघि मङ्गलाको अर्मन-किमचौर हुँदै ताराखोला पुग्न चार घन्टा लाग्ने गरेको थियो", उहाँले भन्नुभयो, "बीस किलोमिटर दूरीको सडक निर्माण भएपछि तातोपानीबाट दुई घन्टामै ताराखोला पुग्न सकिने भएको छ ।" ताराखोलाका बासिन्दालाई बागलुङको सदरमुकाम पुग्न पनि यो सडक छोटो र छिटो भएको छ । दुई पालिकाका करिब एक हजार घरधुरी यो सडकबाट प्रत्यक्ष लाभान्वित भएका छन् । आवतजावत, निर्माण सामग्री ढुवानी र कृषि उपज निकासीका साथै अस्पताल पुग्न छिटो र सहज भएको धापुङका मनबहादुर थजालीले बताउनुभयो । सडकमा जिप, ट्र्याक्टर र मोटरसाइकल सञ्चालन हुन थालेका छन् । तातोपानीबाट सिर्खुसम्मको सडक निर्माणमा चालु आर्थिक वर्षमा मङ्गला गाउँपालिका र गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले तीनवटा खण्डमा आयोजना सञ्चालन गरेका थिए । चालु आर्थिक वर्षमा प्रदेश सरकारको रु १० लाख र मङ्गला गाउँपालिकाको रु १४ लाख अनुदानमा धापुङ-गुन्थाने-सिर्खु खण्डको दुई किलोमिटर पाँच सय मिटर मार्ग खोलिएको छ । न्यूखोला-एक्लेचिहान-महेश-धापुङ सडकअन्तर्गत करिब तीन सय मिटर भिरमा मार्ग खोल्न यस वर्ष प्रदेश सरकारको रु १० लाख र गाउँपाकिलाको रु १० लाख लगानी भएको छ ।

प्रदेश सरकारबाट सडक स्तरोन्नतिका लागि थप रु १० लाख लगानी भएको उपभोक्ता समितिले जनाएको छ । यसैगरी पखेर-जल्केनी-टुनीडाँडा हुँदै महेश जोड्ने तीन किलोमिटर सडकको मार्ग निर्माण गर्न प्रदेश सरकारबाट रु २५ लाख लगानी भएको छ। यस आयोजनाका लागि म्याग्दी क्षेत्र (२) बाट निर्वाचित प्रदेशसभा सदस्यसमेत रहनुभएका गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीको सिफारिसमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट रु १५ लाख थपिएको छ ।

# धर्मशाला भाडामा लगाउन बोलपत्र खुलाएपछि विवाद

**पोखरापत्र संवाददाता**
गोरखा, ५ असार

गोरखाको प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरको धर्मशाला भाडामा लगाउनका लागि गुठी संस्थानले बोलपत्र खुलाएपछि विवाद सुरु भएको छ। मन्दिर अगाडि रहेको धर्मशालामा गुठी संस्थानले व्यवसाय सञ्चालन गर्नका लागि बोलपत्र आह्वान गरेपछि स्थानीयवासीले विरोध गरेका छन् ।

धर्मशालामा व्यवसाय सञ्चालन गर्नुभन्दा सस्तो दररेटमा मन्दिरमा आउने भक्तजनलाई बास बस्नका लागि सेवा सुविधा गरी धर्मशाला सञ्चालनमा ल्याउनुपर्ने जनाउँदै श्री मनकामना माई गुठीका गुठियार र स्थानीयवासीले विरोध गरेको स्थानीयवासी दिनेश श्रेष्ठले जानकारी दिनुभयो ।

मनकामना क्षेत्र विकास समितिले मन्दिरको गुरुयोजनामै धर्मशालामा भक्तजनलाई सुलभ मूल्यमा बसोबासका लागि व्यवस्था मिलाउने योजना प्रस्ताव गरेको भन्दै पुनः व्यक्तिलाई दिएर व्यवसाय सञ्चालन गर्न खोज्नु गलत भएको स्थानीयवासीको भनाइ छ । मनकामना गुठीले यही असार २ गते होटल सञ्चालनका लागि भन्दै गरिएको बोलपत्र रद्द गर्न गुठी संस्थानलाई पत्र पठाएको मनकामना गुठीका प्रमुख भीमबहादुर श्रेष्ठले बताउनुभयो ।

"धर्मशाला हाल जीर्ण भइसकेको र विसं २०७२ को भूकम्पपश्चात प्राविधिक जाँचका क्रममा रातो चिह्न लगाई जोखिमपूर्ण निर्धारण भएको भन्दै धर्मशालालाई पुनःनिर्माण गर्नुपर्ने भनेर संस्थानलाई जानकारी गराइसकिएको भए पनि मर्मत गर्नुको साटो उल्टै पुनः बोलपत्रको आह्वान गर्नु सरासर जनमतको खिलाफ हो", मनकामना गुठीले संस्थानलाई पठाएको पत्रमा भनिएको छ । पत्रमा भवनलाई पुनः व्यापारिक प्रयोजनमा ल्याउन खोजे मनकामना गुठी परिवार तथा सम्पूर्ण जनसमुदाय कडा प्रतिकारमा उत्रन बाध्य हुने उल्लेख गरिएको छ । विसं २०७२ को गोरखा भूकम्पपछि मनकामना मन्दिर जीर्णोद्धारसँगै धर्मशालालाई पनि धर्मशालाकै रूपमा विकास गरी भक्तजनलाई सेवा सुविधा दिने गरी गुरुयोजना तयार भएको स्थानीयवासीको भनाइ छ । गुरुयोजनाअनुसार धर्मशाला पछाडि रहेको स्थानलाई समेत समेटेर वनभोजस्थलका रूपमा विकास गर्ने लक्ष्य मनकामना क्षेत्र विकास समितिले राखेको छ । स्थानीयवासीको अनुरोध र आग्रहलाई बेवास्ता गर्दै पुनः बोलपत्र आह्वान भएकाले यसमा ठूलो आर्थिक चलखेल हुनसक्ने श्रेष्ठले बताउनुभयो ।

चौतर्फी विरोध हुँदा पनि गुठी संस्थान यस विषयमा मौन बस्नु झनै शङ्कास्पद देखिएको उद्योग वाणिज्य सङ्घ मनकामना एकाइका अध्यक्ष हरि श्रेष्ठले बताउनुभयो । उहाँले धर्मशालालाई पुनःनिर्माण गरी धर्मशालाकै रूपमा सञ्चालन गर्नुपर्ने भन्दै अब कुनै हालतमा अन्य व्यावसायिक प्रयोजनका लागि भाडामा लगाउन नदिने बताउनुभयो ।

गएको ४० वर्षदेखि धर्मशालालाई गुठी संस्थानले व्यापारिक प्रयोजनका लागि भन्दै व्यक्तिलाई भाडामा दिएर आम्दानी गर्दै आएको थियो । संस्थानले व्यवसाय सञ्चालन गर्न जेठ ३१ गते सार्वजनिक सूचना जारी गरेर बोलपत्र आह्वान गरेसँगै मनकामनावासीले धर्मशालामा होटल सञ्चालन गर्न नहुने भन्दै विरोध सुरु गरेका हुन् । गुठी संस्थानले मासिक न्यूनतम रु एक लाख भाडा तिनुपर्ने गरी धर्मशालामा व्यवसाय सञ्चालनका लागि बोलपत्र आह्वान गरेको हो ।

# विपद्जन्य घटनामा हालसम्म १० को मृत्यु

**रासस**
काठमाडौं, ५ असार

यस वर्षको मनसुन सुरु भएपछि भएका विपद् घटनामा परी १० जनाको मृत्यु भएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा आकस्मिक, शून्य र अन्य समयमा उठेक प्रश्नको जवाफ दिंदै उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद्का घटनामा परी छ घाइते र २६ बेपत्ता भएको बताउनुभयो । साथै ५४ घर पूर्णरूपमा क्षति भएको र थप विवरण आउने क्रम जारी रहेको उहाँले जानकारी दिनुभयो । "जेठ ३१ गतेबाट नेपालमा प्रवेश गरेको मनसुन प्रणालीको बढी असर देशको पूर्वी भू-भागमा परेको छ । सङ्खुवासभा, पाँचथर, ताप्लेजुङलगायत जिल्लामा बढी विपद्जन्य घटना भएका छन्", गृहमन्त्री श्रेष्ठले भन्नुभयो । उहाँले विपद्का घटनामा परी मृत्यु भएका सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा गहिरो समवेदना प्रकट गर्नुभयो । साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ताको खोजी तीव्र बनाउने प्रतिबद्धता जनाउनुभयो ।

"असार ४ गते प्रधानमन्त्रीको नेतृत्वमा विपद् प्रभावित क्षेत्रमा गयौं । सङ्खुवासभाको तुम्लिङ्टारबाहेक अन्य स्थानमा मौसम अनुकुल हुँदा हेलिकोप्टर जान सक्ने अवस्था भएन", उहाँले भन्नुभयो, "तुम्लिङ्टारबाट घटनाबारे विभिन्न जिल्लाका प्रशासन, सुरक्षा निकाय र जनप्रतिनिधिसँग जानकारी लिइ आवश्यक निर्देशनस समेत दिएर काठमाडौं फर्किएका छौं ।"

उहाँले विपद् प्रभावित उल्लेखित जिल्लामा जिल्ला सुरक्षा समिति, जिल्ला व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, स्थानीय जनसमुदाय र सञ्चारकर्मीको संलग्नतामा खोज तथा उद्धार जारी रहेको जानकारी दिनुभयो । उहाँले अविरल वर्षाका कारण सङ्खुवासभाको चैनपुर नगरपालिका भएर बग्ने हेवा खोला र पिलुवाखोलामा आएको बाढीले खोला आसपासका बस्ती जोखिमामा परेको जानकारी दिनुभयो । "बाढीका कारण चैनपुर-४ दोभानेमा निर्माणाधीन सुपर हेवा खोला जलविद्युत् आयोजनामा क्षति पुगेको छ । उक्त जलविद्युत् आयोजनामा काम गर्ने १८ जना कामदार र अन्य दुई स्थानका तीन जना गरी २१ जना बेपत्ता भएकामा तीन जानाको जीवितै उद्धार गरी उपचार भइरहेको र एक जनाको शव फेला परेको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार उक्त स्थानमा बाढीले सात वटा घर बगाएको र ११ घर उच्च जोखिममा परेका छन् ।

# कृषकलाई प्रोत्साहन गर्न अनुदान नीति

पोखरापत्र संवाददाता
दमौली, ५ असार

तनहुँको सरकारी निकायले अनुदानको नीति अगाडि सारेका छन् । कृषकलाई कृषि पेसामै टिकाइराख्ने उद्देश्यसहित जिल्लाका सरकारी निकायले अनुदानको नीतिलाई प्राथमिकता दिएका हुन् ।

कृषि ज्ञान केन्द्र तनहुँ, आँबुखैरेनी, म्याग्दे र बन्दीपुर गाउँपालिकालगायतले कृषकलाई विभिन्न उपकरण अनुदानमा वितरण गर्दै आएका छन् । कृषि पेसामा लागेका कृषकलाई आयआर्जनमा सहयोग पुग्ने खालका सामग्री वितरणलाई प्राथमिकतामा राखिएको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाहमुखी पेसा गरिरहेकालाई सहयोग गरेर व्यावसायिक बनाउने लक्ष्यसहित केन्द्रले मौरीघार, हाते ट्र्याक्टर, बङ्गुरका पाठापाठी, व्याड बोका वितरण गर्दै आएको छ ।" केन्द्रले विपन्न वस्तीमा मुख्यमन्त्री कार्यक्रमअन्तर्गत ऋषिङ गाउँपालिका-४ भिरकोटका कृषकलाई कृषि सामग्री सहयोग गरेको छ । विपन्न समुदायलाई आत्मनिर्भर बनाउने उद्देश्यसहित १५ मौरीघार, ३० बङ्गुरको पाठापाठी, दुई व्याड बोका, एक हातेट्र्याक्टर, दुई पक्की टनेल, एक कुटानी पिसानी, १५ सिँचाइ ट्याङ्की, बाख्रा र कुखुराको खोर सहयोग गरिएको हो । तिवारीले भन्नुभयो, "विपन्न कृषक छनोट गरी कार्यक्रममार्फत उनीहरूलाई आत्मनिर्भर बनाउने लक्ष्य हो ।" यो ठाउँका ६० घरधुरीलाई लक्षित गरी कार्यक्रम सुरुआत भएको छ ।

जिल्लाका दुई पालिकाका विपन्न बस्तीमा 'मुख्यमन्त्री कार्यक्रम' सञ्चालन गरिएको छ । आयआर्जनमा सबल गराई विपन्न परिवारको जीविकोपार्जनमा सहज बनाउने उद्देश्यले उक्त कार्यक्रम सुरु गरिएको तिवारीले बताउनुभयो ।

जिल्लाको आँबुखैरेनी गाउँपालिका-१ का ४० घर भुजेल र ऋषिङ गाउँपालिका-४ का करिब ६० घरधुरीलाई लक्षित गरी कार्यक्रम सुरु गरिएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । आँबुखैरेनीमा ४६ परिवारमध्ये १६ जनालाई बाख्रा, छवटा तरकारी टनेल, ३५ घार मौरी, हातेट्र्याक्टरलगायत प्रदान गरिसकिएको छ । गण्डकी प्रदेश सरकारबाट दुई पालिकाका लागि रु २०-२० लाख बजेट निकासा भएको छ । त्यसमा गण्डकी प्रदेश सरकारको ९० प्रतिशत अनुदान र कृषकको १० प्रतिशत लागत सहभागिता रहनेछ । केन्द्रले म्याग्दे-४ का कृषकलाई ९० प्रतिशत अनुदानमा मौरीसहितको घार वितरण गरेको छ । म्याग्दे गाउँपालिका-४ स्थित चण्डेश्वरी फलफूल तथा तरकारी उत्पादन समूहमा आबद्ध कृषकलाई ४६ मौरी घार वितरण गरिएको जनाइएको छ । मौरीसहितको घार प्राप्ति गर्नका लागि केन्द्रले निवेदन माग गरेको थियो । एक सय छ जनाले निवेदन दिएकामा ४६ कृषक छनोट गरी घार वितरण गरिएको हो । तिवारीका अनुसार तनहुँ मौरीपालनका लागि उपयुक्त भएकाले यहाँका विभिन्न ठाउँमा मौरीपालनतर्फ कृषक आकर्षित भइरहेका छन् । समूहमा आबद्ध कृषक मौरीपालनतर्फ आकर्षित भएको अध्यक्ष जीतमाया रानाले बताउनुभयो । उहाँका अनुसार समूहमा आबद्ध सबैले मौरीपालन गरेका छन् । कम लगानी र मेहनतमा मौरीपालन गर्न सकिने भएकाले कृषक यसतर्फ लागेको उहाँले बताउनुभयो ।

आँबुखैरेनी गाउँपालिकाले एक वडाः एक उत्पादन कार्यक्रमअन्तर्गत कृषकलाई अनुदानमा एक सय १८ मौरी घार वितरण गरेको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "एक वडाः एक उत्पादनअन्तर्गत म्याग्दे गाउँपालिका-४ का कृषकलाई मौरीपालनतर्फ आकर्षित गराउन घार वितरण गरिएको छ ।"

कृषि ज्ञान केन्द्रले नै शुक्लागण्डकी नगरपालिका-६ स्थित दरगाउँ कृषि तथा पशुपक्षी कृषक समूह र तीनखोलेदेवी कृषि तथा पशुपक्षी समूहलाई ५० प्रतिशत अनुदानमा हातेट्र्याक्टर र कम्बाइन मिल सहयोग गरेको छ । म्याग्देले कृषकलाई ५० प्रतिशत अनुदानमा हातेट्र्याक्टर वितरण गरेको छ । पालिकाको कृषि शाखाको स्वीकृत कार्यक्रमअनुसार विभिन्न वडाका कृषकलाई अनुदानमा हातेट्र्याक्टर वितरण गरिएको हो । रु ७० हजार पर्ने ट्र्याक्टरको मूल्यमा ५० प्रतिशत कृषकले र ५० प्रतिशत गाउँपालिकाले लागत साझेदारी गरेको छ । कृषकलाई कृषिमा आत्मनिर्भर बनाउन र यान्त्रिकीकरण गर्न कृषि उपकरण सहयोग गरिएको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले जानकारी दिनुभयो ।

# स्रोत अभाव र दायित्वबीच बजेट ल्याउँदै बागलुङका स्थानीय तह

– तारानाथ आचार्य
बलेवा, ५ असार (रासस)

सङ्घ र प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि पठाएको बजेट सिलिङअनुसार बागलुङ नगरपालिका अझै रु १५ करोड पाउन बाँकी छ । समानीकरण अनुदान र राजस्व बाँडफाँट शीर्षकमा सिलिङअनुसार नगरले बजेट भुक्तानी पाएको छैन ।

चालु आर्थिक वर्षको सिलिङअनुसार आन्तरिक स्रोतसमेत समावेश गरेर पालिकाहरूले गत वर्ष बजेट ल्याए । गाउँगाउँमै पुगेर योजनाका सम्झौता गरिए । तर काम सम्पन्न भएका योजनामा भुक्तानी दिने बेला रु ९६ करोड सिलिङ पाएको नगरले रु ७९ करोडमात्र भुक्तानी पायो । सङ्घ र प्रदेशले स्रोतको अभाव देखाउँदै विभिन्न शीर्षकका अनुदान ५० प्रतिशतसम्म कटौती गरिदिए । सङ्घ र प्रदेशले अनुदान घटाउँदा योजनाको भुक्तानी गर्न नसकिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठ बताउनुहुन्छ । त्यसको असर आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा देखिने छ ।

सङ्घीय सरकारले सामुदायिक विद्यालयमा पढ्ने बालबालिकाका दिवा खाजाको व्यवस्था गरेको छ । वर्षभर सामुदायिक विद्यालयमा दुई सय १० दिन पढाई हुन्छ तर सरकारले एक सय ८० दिनको मात्रै खाजावापतको रकम पठाउँछ । "हाम्रो गाउँपालिका रहेका विद्यार्थीको बाँकी तीस दिनको हिसाब गर्दा रु ४५ लाख अपुग हुँदोरहेछ", बडिगाड गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारीले भन्नुभयो, "राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको बजेटमा पनि उस्तै चाप छ, भवनको लागत अनुमान एकातिर बजेट अर्कोतिर हुँदा काम गर्नै समस्या ।" बडिगाडमा पनि सिलिङभन्दा भुक्तानी रु चार करोडले कम प्राप्त भएको छ ।

सङ्घीय र प्रदेश सरकारले आगामी आवको नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेपछि सर्वसाधारणको ध्यान स्थानीय सरकारतर्फ केन्द्रित भएको छ । बढ्दो महँगी, सुस्ताएका आर्थिक गतिविधि तथा शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारको विकासका लागि स्थानीय तहले ल्याउने नीति र बजेटमा सर्वसाधारणको चासो बढेको हो । तर स्थानीय तह भने स्रोतको अभाव र दायित्वको चापमा छन् । संवैधानिक व्यवस्थाअनुसार आगामी असार १० गतेभित्र सबै स्थानीय तहले नीति तथा कार्यक्रम र बजेट ल्याइसक्नुपर्छ । बागलुङका स्थानीय तहले असार १० मा नीति तथा कार्यक्रम र बजेटको तयारी गरेका छन् । स्थानीय तहले नीति बनाउने र बजेटको तयारीका बेला सर्वसाधारणले भने जनजीविकासँग जोडिएर कार्यक्रम आउनेमा आशातित छन् । सर्वसाधारणको चाहनाजस्तै बागलुङका स्थानीय तहले पनि रोजगारी सिर्जना, स्वास्थ्य र शिक्षा क्षेत्रमा सुधार र ठूला पूर्वाधार निर्माणलाई जोड दिने नीति ल्याउँदै छन् । बागलुङको बरेङ गाउँपालिका बितेका छ वर्षमा जिल्लामै पहिलो नीति तथा कार्यक्रम र बजेट ल्याउने गाउँपालिका हो । बरेङले यही असार ८ गते नीति तथा कार्यक्रम र बजेट एकै दिन ल्याउँदैछ । बरेङले साझेदारीका योजनामा केन्द्रित हुँदै अनुदानको सदुपयोग हुने नीति ल्याउँदै छ । "बजेटको सिलिङ घटेको छ, आन्तरिक आय बढ्ने ठाउँ छैन, हामीले भएको स्रोतलाई उपयोग गर्छौं", बरेङ गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले भन्नुभयो, "शिक्षा, स्वास्थ्य, पशुपालन र पर्यटन नसुधारी अरु आशा राख्न सकिन्न त्यसमा केन्द्रित हुन्छौं ।" ठूला आयोजना सञ्चालन गर्न पालिकासँग स्रोत नहुने र स-साना योजनाले सर्वसाधारणले लाभ लिन नसकेकाले सङ्घ र प्रदेशसँग साझेदारी गरेर पूर्वाधारको विकास गर्ने नीति ल्याइने शर्माले बताउनुभयो । बागलुङको बडिगाड भने महत्वकाङ्क्षी योजनाको पक्षमा छैन । थोरै स्रोतसाधनको अधिकतम् प्रयोगमार्फत जनजीविकासँग जोडिने कार्यक्रम ल्याइने अध्यक्ष अधिकारीले बताउनुभयो । गलकोट नगरपालिकाले पूर्वाधार क्षेत्रमा हुने लगानीभन्दा शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जनाको क्षेत्रमा हुने लगानी बढी हुने गरी नीति बनाउँदै छ । आधारभूत स्वास्थ्य सेवा सबै टोलमा पुर्याएको नगरपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा थालेको छ । "नगर अस्पतालमार्फत विशेषज्ञ स्वास्थ्य सेवा दिन थालेका छौं, त्यसको स्थायित्वका लागि ध्यान केन्द्रित हुन्छ", नगरप्रमुख भरत शर्मा गैरेले भन्नुभयो, "शिक्षमा आउने वर्ष नतिजा ल्याउने गरी काम गर्ने योजना छ ।" नीति तथा कार्यक्रम र बजेट बनाउँदा सङ्घ र प्रदेशले सङ्घीयताको मर्मअनुसारको व्यवहार नगर्दा भने स्थानीय तहलाई चाप पर्ने गरेको गैरेले सुनाउनुभयो । "हामीलाई स्रोत कम पठाउने, आफूले ल्याउने योजना बिनासल्लाह पुरानै ल्याउने, भनसुन चल्ने अवस्था छ", गैरेले भन्नुभयो, "साझेदारीका कार्यक्रम माग्ने, तर अन्यत्रबाट योजना बनाउने परिपाटी छ ।" सङ्घ र प्रदेशको समन्वय नहुँदा स्थानीय तहको नीति तथा कार्यक्रम र बजेट प्रभावित हुने उहाँले बताउनुभयो ।

जिल्लाको जैमिनी नगरपालिकाले उत्पादनमा जोड दिने, नगरपालिकालाई आत्मनिर्भर बनाउने र सुशासनयुक्त नगर बनाउन आफ्नो नीति तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरेको छ । चालु आवमा विज्ञ सम्मेलन गरेको नगरले सम्मेलनको सन्देशलाई नीति निर्माणको आधार बनाउने भएको छ । बागलुङ नगरपालिकाले योजना कनिका छरेझैं छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति ल्याउँदैछ । साना काम वडा तहबाट गर्ने गरी ठूला योजनामा प्राथमिकता दिने नीति ल्याइने नगरप्रमुख श्रेष्ठले बताउनुभयो । "बजेटको आकार घट्ने देखिन्छ, योजना र कार्यक्रम पनि बजेटअनुसार नै बन्ने हुन्", उहाँले भन्नुभयो, "चालु वर्षको दायित्वको चाप हुने देखिन्छ, सोहीअनुसारका योजना बनाउँछौं ।" शिक्षा, स्वास्थ्य र पूर्वाधारको क्षेत्रमा देखिने गरी ठूला योजना सञ्चालन गर्ने नीति बागलुङ नगरपालिकाले ल्याउँदैछ । बागलुङका दश स्थानीय तहमध्ये अधिकांशले यसपटक बिगतभन्दा फरक तरिकाबाट नीति ल्याउने जनाएका छन् । जैमिनीले असार ६ गते, बागलुङ नगरपालिका र बरेङ गाउँपालिकाले यही असार ८ गते र अरु सबै स्थानीय तहले असार ९ र १० गते नीति तथा कार्यक्रम र बजेट ल्याउँदैछन् ।

# क्यान्सरपीडितलाई अस्पतालमै नागरिकता

पोखरापत्र संवाददाता
गोरखा, ५ असार

जिल्ला प्रसासन कार्यालय गोरखाले क्लान्सरबाट पीडित एक महिलालाई अस्पतालमै नागरिकता प्रदान गरेको छ । पालुङटार नगरपालिका-७ की क्यान्सरपीडित रविना दराईलाई अस्पतालको सघन उपचार कक्षमै पुगेर नागरिकता प्रदान गरिएको हो ।

काठमाडौंको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा उपचाररत दराईलाई त्यहीँ पुगेर नागरिकता प्रदान गरिएको जिल्ला प्रशासन कार्यालय गोरखाका प्रशासकिय अधिकृत चुडानिधि तिवारीले जानकारी दिनुभयो । "नागरिकता नहुँदा राज्यबाट प्राउने उपचार सहुलियत र अन्य सुविधा पाउन कठिन भएको थियो", उहाँले भन्नुभयो । आवश्यक प्रक्रिया पूरा गरी अस्पतालमै पुगेर नागरिकता प्रदान गरिएको तिवारीले बताउनुभयो । दराईका श्रीमान् हितबहादुरले प्रसासनमा नागरिकता प्राप्तिका लागि आवश्यक सबै कागजपत्र पेस गर्नुभएको थियो । सोही आधारमा अस्पतालमै गएर नागरिकता वितरण गरिएको प्रशासकिय अधिकृत तिवारीले बताउनुभयो । जिल्ला प्रसासन कार्यालयले कार्यालयसम्म आउजाउ गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतलाई घरमै पुगेर नागरिकता प्रदान गर्दै आएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ११ धरहरा मार्गदेखि पुन टोल जाने बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः धरहरा मार्गदेखि पुन टोल जाने बाटो ढलान**
**स्थानः पोखरा–११, कास्की**
**योजना सम्झौता मितिः २०८०/०२/१७ गते**
**योजना सम्पन्न मितिः २०८०/०३/०५ गते**
**योजनाको कुल लागत : रु.७,०६,२५५.१४।–**
**पोखरा म.न.पा.बाट प्राप्त हुने रकम : रु.६,००,०००।–**
**जनसहभागिताबाटः रु १,०५,९३८.२७।–**
**उपभोक्ता समिति अध्यक्षः कृष्ण प्रसाद पौडेल**
**सचिवः शुक्रराज सुवेदी, कोषाध्यक्षः हरि प्रसाद बास्तोला**
**अनुगमन : वडा सदस्य सुशील बास्तोला**
**हरि प्रसाद बास्तोला**

**धरहरा मार्गदेखि पुन टोल जाने बाटो ढलान निर्माण उपभोक्ता समिति पोखरा-११**


# हवाई इन्धनको मूल्य घट्यो

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

सरकारले हवाई इन्धनको मूल्य घटाएको छ । नेपाल आयल निगमका अनुसार आन्तरिकतर्फको हवाई इन्धनमा साबिकको बिक्री मूल्यमा प्रति लिटर १० रुपैयाँ घटाएर एक सय ५० रुपैयाँ प्रतिलिटर कायम भएको छ । अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनमा साबिकको बिक्री मूल्यमा प्रति किलोलिटर दुई सय अमेरिकी डलर (करिब २६ रुपैयाँप्रति लिटर) ले घटेको छ ।

मूल्य समायोजनपश्चात् भारतको कोलकाताको हवाई इन्धन (आन्तरिकतर्फ) को बिक्री मूल्यको तुलनामा काठमाडौंमा बिक्री गरिने मूल्यप्रति लिटर ३ दशमलव ६९ रुपैयाँले सस्तो भएको छ । अन्य पेट्रोलियम पदार्थको मूल्य भने यथावत् रहेको रहेको निगमले जनाएको छ ।

# मातृभाषा बोल्न र बुझ्न सक्ने भए दुरा

–कृष्ण न्यौपाने
दमौली, ५ असार (रासस)

एक महिना अघिसम्म मातृभाषाबारे ज्ञान नभएकी तनहुँको व्यास नगरपालिका-४ निवासी लिला दुरा अहिले मातृभाषा बोल्न थाल्नुभएको छ । उहाँले अहिले मातृभाषामा गीत गाउन, बोल्न जान्नुका साथै बोलेको कुरा बुझ्न सक्ने हुनुभएको छ ।

उहाँले भन्नुभयो, "एक महिना अगाडीसम्म मातृभाषा कसरी बोलिन्छ भन्ने जानकारी थिएन, एक महिनाको प्रशिक्षणपछि अहिले त धेरै कुरा जाने ।" उहाँले दुरा भाषामा गीत गाउन पनि सिकेको बताउनुभयो । "अझै धेरै कुरा सिक्न बाँकी छ, प्रशिक्षण पायौ भने थुप्रै कुरा जान्न सक्छु," उहाँले भन्नुभयो । स्थानीय कमला दुरा पनि अहिले मातृभाषामा बोल्ने र बुझ्न सक्ने हुनुभएको छ । दुरा भाषा छ भन्ने थाहा भएपनि कसरी बोलिन्छ भन्ने ज्ञान नभएकामा अहिले भाषाबारे धेरथोर ज्ञान पाएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "हाम्रो जातिको भाषा छ भन्ने त थाहा थियो तर कसरी बोल्ने थाहा थिएन, घरपरिवारमा पनि कसैले नबोल्ने हुनाले जान्दा पनि जानेनौ । तर अहिले प्रशिक्षण पाएपछि भाषा जान्यौ ।" स्थानीय चन्द्रिका दुरा मातृभाषा सिक्न पाउँदा खुसी हुनुहुन्छ । उहाँले भन्नुभयो, "अब त घरमा पनि मातृभाषामा नै कुरा गर्छु, घरपरिवारलाई आफूले जानेको सिकाउँछु ।" अन्य जातिले मातृभाषा बोल्दा आफूहरू पनि मातृभाषा बोल्न पाए हुन्थ्यो भन्ने लाग्दै आएको बताउँदै उहाँले एक महिनाको तालिमले धेरै कुरा सिकाएको बताउनुभयो । प्रशिक्षणपछि केही कुरा सिकेको भन्दै उहाँले मातृभाषामै यसरी आफ्नो परिचय दिनुभयो, "ङे चन्द्रकला दुरा ले । उइजो (हजुरलाई नमस्ते) ।" दुरा भाषामै बाबुआमा, छोराछोरी, सात बार भन्न सिकेको उहाँले बताउनुभयो ।

गण्डकी प्रज्ञा प्रतिष्ठानको सहयोग र महिला दूरा समूहको आयोजनामा वैशाख २६ गतेदेखि जेठ २६ गतेसम्म एक महिनासम्म मातृभाषा तालिम सञ्चालन गरिएको थियो । व्यास नगरपालिका-१ स्थित नेपाल आदिवासी जनजाति महासङ्घको भवनमा दैनिक रूपमा बिहान ११ बजेदेखि २ बजेसम्म प्रशिक्षण सञ्चालन गरिएको थियो । मातृभाषा नै लोप हुने खतरा बढेपछि प्रज्ञा प्रतिष्ठानको सहयोगमा भाषा प्रशिक्षण सञ्चालन गरिएको महिला दुरा समूहकी अध्यक्ष विष्णुमाया दुराले बताउनुभयो । उहाँले भन्नुभयो, "मुख्य उद्धेश्य मातृभाषा संरक्षण गर्दै भावी पुस्तालाई पनि सिकाउनु हो । मातृभाषाबारे केही नजान्नेहरू अहिले गीत गाउन, दोहोरो कुरा गर्न सक्ने हुनुभएको छ । यो मुख्य उपलब्धि हो ।" भाषा किन लोप भयो भन्दा अनुसन्धान गर्दा भाषा रहेछ भन्ने ज्ञान भएपछि आफूहरूकै पहलमा मातृभाषा प्रशिक्षण सञ्चालन गरिएको उहाँको भनाइ छ । व्यास नगरपालिका-१ की वडा सदस्य कृष्ण दुराले भाषा नै लोप हुन्छ की भन्ने चिन्ता रहेकामा अब प्रशिक्षण पश्चात् भाषाको संरक्षण हुने आशा पलाएको बताउनुभयो । उहाँले भन्नुभयो, " दुरा जातिको जनसङ्ख्या कम रहेको र धेरैलाई यो भाषा नआउँदा भाषा नै लोप हुने खतरा भएकाले आउने पुस्तालाई भाषाबारे ज्ञान दिने उद्देश्यले प्रशिक्षण राखेका हौँ ।" दुरा सेवा समाज तनहुँका अध्यक्ष कृष्णबहादुर दुरा मातृभाषा प्रशिक्षण फलदायी भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "मातृभाषा नजान्नेहरू अझै थुप्रै हुनुहुन्छ, उहाँहरूलाई पनि क्रमशः तालिम दिएर भाषाबारे जानकारी गराउने लक्ष्य राखेका छौ ।" दुरा सेवा समाजका निवर्तमान केन्द्रीय अध्यक्ष देवबहादुर दुराले दुरा जाति सबै पक्षले भरिपूर्ण रहेपनि भाषाका कारण पछाडि पर्दै आएको गुनासो गर्नुहुन्छ । दुरा जातिको भाषा संरक्षणका लागि गण्डकी प्रज्ञा प्रतिष्ठानले पाठ्यक्रम बनाउन सहयोग गर्ने प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "प्रज्ञा प्रतिष्ठानले प्रदेशभित्रका सबै जातजातिको भाषा संस्कृति संरक्षणका लागि काम गर्दै आएको छ । त्यसमध्ये लोपोन्मुख जाति दुराको भाषा संरक्षणका लागि हामी गम्भीर छौ ।"

लमजुङको जिता निवासी मुक्तिनाथ घिमिरेले दुरा महिलालाई मातृभाषा सिकाउनुभएको हो । भाषाका अनुसन्धानकर्ता घिमिरेले दुरा जातिले आफ्नो भाषा बिर्सिदै गएपछि गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा मातृभाषा कक्षा सञ्चालन गरिएको जानकारी दिनुभयो । घिमिरेले भन्नुभयो, "त्यसै पनि दुरा जाति अल्पसङ्ख्यक हुन्, त्यसमाथि मातृभाषा नहुँदा असजिलो परिस्थिति बनेको छ । एक महिनाको तालिमले उहाँहरूलाई धेरै कुरा सिकायो ।"

दुराडाँडास्थित गणेश माध्यमिक विद्यालयमा अध्यापन गराउँदा सोही सेरोफेरोमा घुमेर दुरा भाषाको शब्द सङ्कलन गरेको उहाँले बताउनुभयो । घिमिरेले भन्नुभयो, "दुराडाँडामा दुरा जातिको बाक्लो बस्ती छ । त्यहाँमा बुढापाकाहरूसँग मैले शब्दहरू सङ्कलन गरे । अहिले पछिल्लो पुस्ताले दुरा भाषा बिर्सिदै जान थाले ।"

घिमिरे गुरुङ भाषामा पनि दख्खल हुनुहुन्छ । "मैले दुरा जातिको भाषासम्बन्धी अध्ययन गरेर पुस्तक तयार गरेको छु, दुरा भाषाको वर्णमालाको पुस्तक तयार गरेर प्रकाशनमा आइसकेको छ," घिमिरेले भन्नुभयो । भाषा र संस्कृति एकअर्काका पुरक रहेकाले सबैले मातृभाषा जान्नुपर्ने उहाँको भनाइ छ । मातृभाषा प्रशिक्षणमा दुरा जातिको दश प्रकारका स्वरवर्ण, ३७ वटा व्याञ्जनवर्ण, १ देखि १० सम्मका सङ्ख्याहरू, बारका नाम सिकाइएको छ ।

त्यस्तै सामान्य बोलीचालीमा प्रयोग गरिने शब्दहरू सिकाइएको छ । दुरा जातिको भाषामा मात्रा ह्रस्व हुन्छ । दुरा जातिको भाषामा क, ख, ग जस्तो सङ्लो अक्षर नहुने घिमिरे बताउनुहुन्छ । उहाँका अनुसार दुरा जातिको भाषामा की मात्रा लगाएको हुन्छ की काटिएको हुन्छ । "हरेक जातिको भाषा लोप हुनुहुँदैन, भाषा संरक्षण हुनुपर्छ भन्ने भावनासहित म विभिन्न ठाउँमा पुगेर भाषाको अध्यापन गराइरहेको छु," घिमिरेले भन्नुभयो, "भाषा अमूर्त सम्पत्ति हो, भाषा कमाउन सकिदैन । यसको संरक्षण हुनुपर्छ ।" तनहुँका विभिन्न ठाउँमा लमजुङको दुराडाँडाबाट बसाइँ सरी आएका दुरा जातिका व्यक्ति बसोबास गरेको पाइन्छ । विसं २०६८ को जनगणनाअनुसार दुरा जातिको सङ्ख्या पाँच हजार तीन सय ९४ रहेको छ । त्यसमध्ये लमजुङमा ७२, तनहुँमा १६, चितवनमा छ, कास्कीमा तीन र अन्य जिल्लामा तीन प्रतिशत जनसङ्ख्या बसोबास गरेको पाइन्छ ।